C-1 Piggery Training, Yashok, Panchthar 06-08 May 2022

# व्यवसायिक बंगुरपालन तालिम



**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**
**यासोक, पाँचथर**

**२३-२५ बैशाख २०७८**

C-1 Piggery Training, Yashok, Panchthar 06-08 May 2022

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय यासोक, पाँचथरले ३५ जना ग्राहक सदस्यहरूको सहभागितामा २०७९ बैशाख २३ देखि २५ गते सम्म पाँचथर जिल्लाको यासोकमा **"व्यवसायिक बंगुरपालन तालिम"** सम्पन्न गरेको छ । हाम्रो बचत तथा ऋण सहकारी संस्था तथा उद्योग बाणिज्य संघ यासोकका अध्यक्ष श्री मेघराज निरौलाज्यु को प्रमुख आतिथ्यता तथा पृथ्वी मा. वि. यासोकका प्र. अ. श्री ऋषिराम गजुरेल, निर्धन उत्थान शाखा कार्यालय रबिका शाखा प्रमुख श्री चन्द्रमणि पाण्डे, पृथ्वी मा. वि. यासोक का शिक्षक श्री केन्द्र प्रकाश बराल, साहारा साकोस यासोक शाखाका प्रमुख श्री बिबेक काफ्ले तथा पत्रकार श्री रमेश थापाको आतिथ्यतामा कार्यक्रम शुभारम्भ गरिएको थियो । उक्त तालिम लाई कुम्मायक गा. पा. पशुपँक्षी शाखाका प्रमुख पशु स्वास्थ्य प्राविधिक श्री कपिलदेव मल्ल, पशु स्वास्थ्य प्राविधिक श्री जिबन खडका र कृषि प्रशिक्षक श्री मदन वाग्लेले प्रशिक्षण दिएका थिए ।

कार्यक्रममा प्रमुख अतिथि श्री मेघराज निरौलाले संस्थाले लघुवित्त सेवाको साथसाथै सदस्यहरूलाई सिप तथा उद्यमशीलता विकाश तालिम दिई व्यवसायी बनाई रोजगारी र आयआर्जनमा बृद्धि गर्न सहयोग पुऱ्याएकोमा खुशि व्यक्त गर्नु भएको थियो । पृथ्वी मा. वि. यासोकका प्र. अ. श्री ऋषिराम गजुरेलले तालिम लिई ब्यबस्थित, आधुनिक तरीकाले बंगुरपालन गरी परीवार, समाज, राष्ट्र लाई नै आर्थिक रुपले सबल बनाउन सकिने र कर्जाको सही सदुपयोग गर्ने तर्फ जोडदिनु भएको थियो । रवि शाखाको प्रमुख श्री चन्द्रमणि पाण्डेले परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र संस्थाबाट कर्जा लिई व्यवसाय गरी सदस्यहरु लघुउद्यमी बाट साना उद्यमीमा रूपान्तरण भएको बताउनु भएको थियो ।

तालिममा बंगुरको परिचय, नेपालमा बंगुरपालनको बर्तमान स्थिति, सम्भाब्यता र नेपालमा पाईने स्थानीय तथा उन्नत नश्लका बंगुरहरुको जातिय परिचय, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका तथा उमेर अनुसार पाठापाठी, गिल्ट, माउ तथा भाले (बीरे) लाई आवश्यक पर्ने भुईंको आवश्यकता, प्रजननको लागि बंगुरको छनौट गर्ने आधारहरु, गिल्ट, थारा तथा भाले बंगुरको ब्यवस्थापन र बंगुरको पाठापाठीहरुको हेरचाह गर्ने तरीका, ब्याएको बंगुरको ब्यबस्था तथा जन्मेका पाठापाठीलाई गर्नुपर्ने स्याहार सम्भार, स्थानीय कच्चा पदार्थको प्रयोग गरी संतुलित दाना बनाउने विधि, दानामा प्रयोग गरीने कच्चा पदार्थका स्रोतहरु, बंगुरमा रोग लाग्नाको कारण, रोगी र निरोगी बंगुरहरुको पहिचान गर्ने विधि तथा पाठापाठीमा हुने रक्त अल्पताका कारण, उपचार, रोकथाम, बंगुरको पाठापाठीले छेर्ने समस्या र उपचार तथा रोकथामका उपायहरु, बंगुरमा लाग्ने मुख्य मुख्य रोगहरु तथा लक्षण, उपचार तथा रोकथामको उपायहरु र आन्तरिक परिजिविहरुको नियन्त्रण र बजार व्यवस्थापन सम्बन्धमा प्रशिक्षकरूले सहजिकरण गरेका थिए ।

तालिमको अन्त्यमा सहभागी श्री सावित्रा गजमेर र श्री नमुना आङदेम्बेले मन्तब्य राखेका थिए । व्यवसायिक रूपमा बंगुरपालन गरी आम्दानी वृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरूलाई व्यवसायमा प्रयोग गरि व्यवस्थित र आधुनिक तरिकाले व्यवसाय सञ्चालन गर्ने सहभागीहरूले प्रतिवद्धता जनाएका थिए । तालिम कार्यक्रमको संयोजन संस्थाका यासोक शाखा प्रमुख श्री संदिप कुमार पण्डितले गर्नु भएको थियो ।